annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १७९ पृष्ठ ८ | काठमाडौं, बिहीबार १५ कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष चतुर्दशी नेपाल संवत् ११४४ | THURSDAY, OCTOBER 31, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# स्वदेशी फूल, रंगीचंगी तिहार



ममता थापा | *काठमाडौं*

- को रिपोर्ट

विस्तृत पृष्ठ २

तिहारका लागि फुल टिप्दै इचंगुनारायणमा एक महिला। ● अभिषेक महर्जन




# पूर्वमुख्यसचिव अर्याललाई सफाइ

सुरेन्द्र काफ्ले | *काठमाडौं*



सुरक्षण मुद्रण केन्द्रअन्तर्गत अन्त:शुल्क स्टिकर छपाइ प्रकरणमा तत्कालीन मुख्यसचिव बैकुण्ठ अर्यालले सफाइ भएका छन् भने केन्द्रका कार्यकारी निर्देशक विकल पौडेललाई दोषी ठहर गरिएको छ। पौडेलसँगै राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठलाई दोषी ठहर गरिएको छ।

अर्यालसहित ९ जनाले सफाइ पाएका छन्। विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर, सदस्य न्यायाधीशद्वय खुशीप्रसाद थारू र रितेन्द्र थापाको संयुक्त इजलासले केन्द्रका कार्यकारी निर्देशक पौडेलसहित दुई जनालाई दोषी ठहर गरेको छ भने पूर्वमुख्यसचिव अर्यालसहित ९ जना व्यक्ति र एक कम्पनीलाई सफाइ दिएको छ।

आन्तरिक राजस्व विभागका तत्कालीन महानिर्देशक रितेशकुमार शाक्य र तत्कालीन उपमहानिर्देशक टंकप्रसाद पाण्डे, आन्तरिक राजस्व विभागका तत्कालीन निर्देशक गणेश विक्रम शाही, आन्तरिक राजस्व विभागका तत्कालीन शाखा अधिकृत रवीन्द्रप्रसाद पौड्याल, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन खरिदविज्ञ शक्तिप्रसाद श्रेष्ठ, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन शाखा अधिकृत हरिबल्लभ घिमिरे, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन लेखा अधिकृत विष्णुप्रसाद गौतम सफाइ पाएका छन्। स्टीकर छपाइमा मिलोमतो गरेको भनिएको प्रिन्ट सेल प्रणाली ललितपुर र त्यसका मुख्य व्यक्ति (निर्देशक एवं सञ्चालक) केशव शर्माले पनि सफाइ पाएका छन्।

» बाँकी पृष्ठ ६

# पहिलो महिला राष्ट्रपति बन्छिन् या, ट्रम्प दोहोरिएलान् ?

अमेरिकामा राष्ट्रपति निर्वाचन

अनिल अधिकारी | *अमेरिका*



विकासको छलाङ मारेर विश्वशक्ति केन्द्र बनेको अमेरिकामा राष्ट्रपति चुन्नका लागि भोटिङ भइरहेको छ। निर्धारित मितिपूर्व नै भोट हाल्न पाउने संवैधानिक व्यवस्थाअनुसार हाल 'अर्ली इलेक्सन' भइरहेको छ।

राष्ट्रपतीय निर्वाचनका कारण संसारकै ध्यान अमेरिकामा छ। अमेरिकाले इतिहासमा पहिलो महिला राष्ट्रपति पाउँछ या पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले दोस्रो कार्यकालको नेतृत्व लिने सौभाग्य प्राप्त गर्ने छन् ? त्यसका लागि केही समय कुर्नै पर्ने हुन्छ।

आजको अमेरिका विकासका हिसाबले विश्वको सर्वोच्च देश हो। अमेरिकामा मुख्य गरी दुईवटा मुद्दामा चुनाव भइरहेको छ, भन्दा सायद फरक नपर्ला। पहिलो हो, उग्रराष्ट्रवादको मुद्दा त्यसको नेतृत्व पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले गरिरहेका छन्।

दोस्रो हो, निम्नमध्यम वर्गीय तथा मध्यमवर्गीय परिवारको उत्थान। जसको नेतृत्व कमला ह्यारिसले गरिरहेकी छन्। दुवैले आआफ्ना दाबी जनता सामु प्रस्तुत गरिसकेका छन्। दुवैका दाबी देश विकासको चरणलाई उपल्लो स्तरमा पुऱ्याउनु हो। यिनै मुद्दा लिएर राष्ट्रपतिका उम्मेदवार महिनौंदेखि देश दौडाहामा छन्।

विशेषगरी 'स्विङ स्टेट'हरूको भ्रमणमा उनीहरूले समय खर्चिरहेका छन्। स्विङ स्टेट अर्थात् परिवर्तनशील नागरिक बस्ने राज्य। अमेरिकालाई हेर्दा विकासको परिभाषा आजका मितिमा फरक छ, विकास भनेको बाटो घाटो, बिजुली, पुल, कुल कुलेसामात्रै होइनन्। विकास भनेको नियम कानुन परिमार्जनदेखि जनताको दैनिक जीवनस्तर उन्नति मुख्य हो।

राष्ट्रपतिका दुवै उम्मेदवारले अमेरिकालाई अब्बल बनाउने प्रतिबद्धता सार्वजनिक गरिसकेका छन्। पूर्वराष्ट्रपति ट्रम्पले 'मेक ग्रेट अमेरिका अगेन' अर्थात् आजको अमेरिका र अमेरिकनहरूको भविष्य माथिल्लो स्तरको बनाउने नारा घन्काइरहेका छन्, भने अर्का उम्मेदवार ह्यारिसले अमेरिकाको सामाजिक, आर्थिक तथा विश्व नेतृत्वको धरातललाई थप बलियो बनाउँदै जनजीविका सुधार गर्ने नाराको नेतृत्व गरिहेकी छन्।

» बाँकी पृष्ठ ६

